संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

**प्रेस विज्ञप्ति – २०६४ मङ्सिर २६**

---

## मानवअधिकारलाई शान्ति प्रक्रियाको केन्द्रमा पुनर्स्थापना गर, उच्चायुक्तको कार्यालयको भनाइ

उच्चायुक्तको कार्यालय–नेपालद्वारा आज सार्वजनिक प्रतिवेदनका अनुसार विस्तृत शान्ति सम्झौता (सम्झौता)मा हस्ताक्षर भएको एक वर्षपछि मानवअधिकारलाई राजनीतिक सरोकारभन्दा गौण तथा कम महत्त्वको बनाइएको छ। तिनलाई शान्ति प्रक्रियाको केन्द्रमा पुनर्स्थापना गर्नैपर्छ। सो प्रक्रियामा मानवअधिकारमाथि आवश्यक ध्यान दिनमा हुने विफलताले थप हिंसा उत्पन्न गराउने तथा सामाजिक भिन्नता अझ गहिऱ्याउने खतरा रहेको छ।

सो नयाँ प्रतिवेदनले मानवअधिकारप्रतिको सम्मान घटेको तथा सन् २००७ जनवरीदेखि अक्टोबर (२०६३ पुसदेखि २०६४ कात्तिक)सम्ममा १३० जनाभन्दा बढी सर्वसाधारण मारिएबाट बाँच्न पाउने अधिकारको संरक्षण खस्केको उल्लेख गर्दै गत वर्षका मानवअधिकारसम्बन्धी मुख्य चिन्ताहरूलाई अभिलेख गरेको छ। तीमध्ये करिब ६० जना सशस्त्र समूहहरूका आपराधिक कार्यमा र अधिकांश वैशाखयता मारिए भने अरू २९ जना बलको अत्यधिक प्रयोग ठहरिने परिस्थितमा लगायतका प्रहरी कारबाहीका परिणामस्वरूप मारिए।

आम जनतालाई सुरक्षा उपलब्ध गराउने आफ्नो दायित्वमा राज्य विफल भइरहेको तथा कानुनको शासनलाई समर्थन गर्ने वातावरणमा सशस्त्र समूहहरूका गतिविधि विशेषगरी तराईमा उल्लेखनीयरूपमा वृद्धि भएका छन्। नेपाल कम्युनिष्ट पार्टी (माओवादी), नेकपा–माओवादी,का कार्यकर्ताहरूद्वारा भएका बढ्दो अपहरण, आक्रमण तथा धम्की र हालै भएको पत्रकार वीरेन्द्र साहको हत्याले मानवअधिकारप्रतिको नेकपा–माओवादीको प्रतिबद्धतालाई अवमूल्यन गर्दै मानवअधिकारको स्थितिमा गम्भीर प्रभाव पारेको छ। राज्यअधिकारीहरूद्वारा पनि समयसमयमा स्वेच्छाचारीरूपमा थुनामा नपर्ने तथा फौजदारी अभियोगमा शङ्कितहरूमाथिको यातना तथा अभद्र व्यवहारमार्फत् लगायत शारीरिक अखण्डताका अधिकारहरू उल्लङ्घन भएका छन्।

गहिरोसँग जरा हालेर बसेको दण्डहीनताका कारण राज्य अभिकर्ता तथा नेकपा–माओवादीका कार्यकर्ताहरू तथा धम्की, दुर्व्यवहार तथा हिंसाका लागि जिम्मेवार अरू बारम्बार आफू कानुनभन्दा माथि भएजस्तो गरी कार्य गर्दछन्। हिंसा तथा दुर्व्यवहारमा मुछिएकाहरूलाई रिहा गर्ने दबाबलगायत प्रहरीका कार्यमा हुने बढ्दो राजनीतिक हस्तक्षेपले पनि हिंसामा संलग्न हुने शङ्कितहरूलाई गलत सन्देश दिइरहेको छ। प्रतिवेदनले दण्डहीनता अन्त्य गर्नुलाई जरुरी प्राथमिकता भएको भनी उल्लेख गरेको छ र नेपाल सरकारलाई विगत तथा चालु मानवअधिकार उल्लङ्घन तथा दुर्व्यवहारका लागि जवाफदेही बनाइनेछ भनेर उसले देखाउनसक्ने उपायहरूको सिफारिस गरेको छ।

राज्यअधिकारीहरूले शान्ति प्रक्रियामा जटिल चुनौतीहरूको सामना गर्नुपरेको र केही प्रगति हासिल भएको छ भनेर उच्चायुक्तको कार्यालयले स्वीकार गरेको छ। राष्ट्रिय मानवअधिकार आयोग (आयोग)मा पाँचजना आयुक्तहरूको नियुक्ति आयोगलाई विश्वसनीय, प्रभावकारी तथा स्वतन्त्र संस्थाका रूपमा विकास गर्नेतर्फको

एउटा महत्त्वपूर्ण कदम हो; त्यसका लागि उच्चायुक्तको कार्यालयले आयोगलाई गर्ने आफ्नो सहयोगमा वृद्धि गरिरहेको छ। संविधानसभाको निर्वाचन प्रक्रियामा परम्परागतरूपमा सीमान्तकृत समुदायको सहभागितालाई सम्बोधन गर्नेतर्फ पनि कदम चालिएका छन्। नागरिकता ऐन २०६३ तथा २० लाखभन्दा बढी व्यक्तिहरूलाई नागरिकताको प्रमाणपत्र वितरण पनि सकारात्मक कदम हुन्। निजामती सेवा तथा प्रहरी बलमा आरक्षणको व्यवस्था पनि महत्त्वपूर्ण उपायहरू हुन् जसका लागि अब कार्यान्वयन आवश्यक छ। तर उच्चायुक्तको कार्यालयको प्रतिवेदनले भेदभाव र सहभागितालाई सम्बोधन गर्न अझ बढी विस्तृत र समावेशी पद्धति आवश्यक रहेको देखाउँछ। महिलाको प्रतिनिधित्व तथा सहभागितामा सुधार ल्याउनमा भएको प्रगतिको अभाव विशेषगरी चिन्ताजनक छ।

संविधानसभाको चुनाव स्थगित भएको भएता पनि सरकारले शान्ति प्रक्रिया तथा त्यसभन्दा पनि पर महिला तथा इतिहासदेखि नै सीमान्तकृत समुदायहरूको समान सहभागिता सुनिश्चित गरेरलगायत उनीहरूको मानवअधिकारको प्रवर्द्धन तथा संरक्षण गर्न थप ठोस कार्य गर्नैपर्छ। नेपालमा भेदभावसँग एकदम नजिकबाट गाँसिएका शिक्षा, स्वास्थ्य, खाना, पानी, जमिन, आश्रय तथा अन्य आधारभूत आवश्यकताजस्ता आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको प्राप्ति दिगो शान्तिका लागि महत्त्वपूर्ण छ।

सरकार, नेकपा–माओवादी, राजनीतिक दल, सीमान्तकृत समुदाय तथा विरोध प्रदर्शनमा संलग्न अन्य, सञ्चारमाध्यम तथा सशस्त्र समूहहरूलाई गरिएको सिफारिसहरूको एउटा सँगालो (नत्थी गरिएको)का साथ उच्चायुक्तको कार्यालयको प्रतिवेदन टुङ्गिन्छ। सो प्रतिवेदन टिप्पणीका लागि सरकार तथा नेकपा–माओवादीलाई बुझाइएको थियो। प्रतिवेदनसँगै सरकारद्वारा उपलब्ध गराइएका टिप्पणीहरू संलग्न छन्, जसले उच्चायुक्तको कार्यालयका केही निष्कर्षहरू एवं केही मुद्दाहरूमा कार्यालयको निष्पक्षतालाई चुनौती दिएका छन्। उच्चायुक्तको कार्यालयले सरकारका टिप्पणीहरूको जवाफ दिनेछ। बिग्रँदो मानवअधिकार स्थितिप्रति यो अत्यन्त चिन्तित छ।

> "मानवअधिकारको बढ्दो सम्मान नेपाली जनताले गत वर्षको जनआन्दोलनमा आह्वान गरेझैं शान्ति प्रक्रियाको महत्त्वपूर्ण लाभांश हुनुपर्छ", संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तका नेपालस्थित प्रतिनिधि रिचर्ड बेनेटले भन्नुभयो। "मानवअधिकारप्रतिको घट्दो सम्मानको अहिलेको वातावरण सबै पक्षहरूलाई अधोमुखी प्रवृत्तिलाई उल्ट्याउन सङ्गठित प्रयास आवश्यक छ भन्ने चेतावनी हो। नेपाल सरकार तथा नेकपा–माओवादीद्वारा गरिएका मानवअधिकारप्रतिको प्रतिबद्धताहरू स्वागतयोग्य र आवश्यक छन् तर पर्याप्त छैनन्; तिनलाई ठोस कार्य तथा परिणाममा परिणत गर्नैपर्छ।"

For further information, contact Marty Logan at mlogan@ohchr.org, Tel: (+977-1) 428 0164, Ext 321 or (+977) 98510 16922 (mobile), website: http://nepal.ohchr.org